श्री ५ को सरकार (म.) मन्त्रिस्तरको मिति ०६०।५।९ को निर्णयानुसार स्वीकृत ।

# सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९

सडक बोर्ड ऐन,२०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको स्वीकृति लिई कार्यकारी समितिले देहायका नियमहरु बनाएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "कार्यकारी निर्देशको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली,२०५९" रहेकोछ ।

(२) यो नियमावली तुरन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन,२०५८ सम्भन्नु पर्छ ।

(ख) "समिति" भन्नाले बोर्डको कार्यकारी समिति संभन्नु पर्छ ।

(ग) "अन्तरवार्ता समिति" भन्नाले नियम ७ बमोजिम गठन भएको अन्तरवार्ता समिति सम्भन्नु पर्छ ।

## परिच्छेद-२
## कार्यकारी निर्देशकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

३. **दरखास्त आव्हान गर्ने:** (१) समितिले ऐनको दफा २१ को उपदफा (१) बमोजिम योग्यता र अनुभव हासिल गरेका व्यक्तिहरुबाट कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि पन्द्र दिनको म्याद दिई नेपाल अधिराज्यभित्रबाट प्रकाशित हुने राष्ट्रिय स्तरको कुनै पत्रिका मार्फत दरखास्त आव्हान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र उम्मेदवार हुन चाहने व्यक्तिले आफ्नो शैक्षिक योग्यता र अनुभव लगायत सूचनामा तोकिएका विवरण सहित दर्खास्त दिनु पर्नेछ ।

(३) दर्खास्त दिने व्यक्ति दर्खास्त दिँदाका वखत अन्य कुनै सरकारी वा गैरसरकारी सँस्था वा निकायमा कार्यरत रहेको भए त्यस्तो निकाय वा संस्थाबाट दर्खास्त दिने मञ्जूरी समेत दर्खास्तसाथ संलग्न गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम दिइएको म्यादभित्र दरखास्त नपरेमा वा तीन भन्दा कम दरखास्त प्राप्त भएमा समितिले थप पन्ध्र दिनको म्याद दिई एकपटकको लागि पुन: दरखास्त आव्हान गर्नु पर्नेछ । यसरी पुन: दर्खास्त आव्हान गर्दा तीनभन्दा कम दर्खास्त परे पनि नियम ५ बमोजिम प्रारम्भिक उम्मेदवार छनौट गरिनेछ ।

४. उम्मेदवारको लागि अयोग्यता: देहायको व्यक्ति कार्यकारी निर्देशको पदमा नियुक्तिको लागि अयोग्य हुनेछ :-

(क) गैर नेपाली नागरिक

(ख) अदालतबाट नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाएको,

(ग) कुनै राजनैतिक पदमा विगत एक वर्ष अघिसम्म वहाल रहेको,

(घ) पैंतीस वर्ष उमेर पूरा नगरेको,

(ङ) पचपन्न वर्ष उमेर नाघेको ।

५. प्रारम्भिक उम्मेदवार छनौट गर्ने: (१) नियम ३ बमोजिम दरखास्त प्राप्त भएपछि समितिले प्राप्त दर्खास्तहरुलाई उपनियम (२) बमोजिम तोकिएका आधारहरु बमोजिम मुल्यांकन गर्न एउटा दर्खास्त मुल्यांकन समिति गठन गर्नेछ । दर्खास्त मुल्यांकन समितिले दरखास्त दिने म्याद समाप्त भएको सात दिनभित्र दरखास्त साथ प्राप्त कागजातहरु आवश्यक जाँचबुझ गरी ऐन वा यस नियमावली बमोजिम योग्य देखिएका उपलब्ध भएसम्म पांच जना उम्मेदवारहरुको प्रारम्भिक नामावली छनौट गर्नेछ ।

(२) उम्मेदवार छनौटका आधारहरु समितिले तोकिदिए बमोजिम हुनेछन् ।

६. कार्यपत्र पेश गर्न लगाउने: (१) नियम ५ बमोजिम प्रारम्भिक उम्मेदवार छनौट गरिसकेपछि त्यसरी छनौट भएका उम्मेदवारहरुबाट बोर्डको काम कारवाहीसंग सम्बन्धित विषयमा कार्यपत्र पेश गर्न पन्ध्र दिनको म्याद दिनेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र सम्बन्धित उम्मेदवारले वोर्ड समक्ष आफ्नो कार्यपत्र पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) वमोजिम पेश भएको कार्यपत्र तथा सो कार्यपत्रको प्रस्तुतिको मुल्यांकन गर्न समितिले एउटा तीन सदस्यीय कार्यपत्र मुल्यांकन समिति गठन गर्नेछ ।

(४) कार्यपत्र मुल्यांकन समितिले यस नियम बमोजिम कार्यपत्र र सो कार्यपत्रको प्रस्तुतिको मुल्यांकन गर्नेछ र सो मुल्यांकन तथा नियम ५ बमोजिम प्राप्त अंकको आधारमा सबभन्दा बढी अंक प्राप्त गर्ने तीनजना उम्मेदवारहरुको नाम अन्तरवार्ताको लागि अन्तरवार्ता समिति समक्ष सिफारिश गर्नेछ ।

७. <u>अन्तरवार्ता समिति गठन गर्ने:</u> (१) समितिले नियम ६ बमोजिम अन्तर्वाताको लागि छनौट भएका उम्मेदवारको अन्तर्वाता लिई नियुक्तिको लागि आफू समक्ष उम्मेदवार सिफारिश गर्न समितिको एकजना सदस्य सहित सम्बन्धित क्षेत्रका विज्ञहरु रहेको तीन सदस्यीय एक अन्तरवार्ता समिति गठन गर्नेछ ।

८. <u>कार्यकारी निर्देशकको पदमा सिफारिश र नियुक्ति:</u> (१) अन्तरवार्ता समितिले नियम ६ बमोजिम अन्तरवार्ताको लागि छनौट भएका उम्मेदवारहरुको अन्तरवार्ता गरी देहायको आधारमा सबभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि समिति समक्ष सिफारिश गर्नेछ :-

(क) नियम ५ बमोजिम दर्खास्तसाथ पेश भएको निजको शैक्षिक योग्यता, अनुभव समेतको व्यक्तिगत विवरणको मुल्यांकन वापत ६० अंक,

(ख) नियम ६ बमोजिमको कार्यपत्र तथा कार्यपत्र प्रस्तुति वापत २५ अंक (कार्यपत्र वापत १५ अंक र कार्यपत्र प्रस्तुति वापत १० अंक),

(ग) अन्तर्वाता वापत १५ अंक ।

(२) उपनियम (१) बमोजिम सिफारिश गर्दा अन्तर्वाता समितिले एक जना वैकल्पिक उम्मेदवारको नाम समेत सिफारिश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम अन्तरवार्ता समितिले सिफारिश गरेको व्यक्तिलाई समितिले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ र त्यसरी सिफारिश भएको व्यक्तिले एक महिनाभित्र नियुक्ति लिन नआएमा समितिले वैकल्पिक रुपमा सिफारिश भएको उम्मेदवारलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम नियुक्त भएपछि कार्यकारी निर्देशकले पदीय दायित्व सम्हाल्नु अघि अनुसूचीमा उल्लेख भए बमोजिम अध्यक्ष सामु शपथ गर्नु पर्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम नियुक्तिको लागि सिफारिश भएको व्यक्ति कुनै सरकारी वा गैर सरकारी सँस्था वा निकायको सेवामा रहेको भए निजले सो सेवाबाट अवकाश प्राप्त गरेको प्रमाण पेश

गरेपछि मात्र निजलाई नियुक्ति दिइनेछ र निजले नियुक्ति लिइसकेपछि निज अर्को कुनै निकाय वा सँस्थामा सो बमोजिम कार्यरत रहेको व्यहोरा खुल्न आएमा जुनसुकै बखत निजको नियुक्ति रद्द हुनेछ ।

९. छनौट सम्बन्धी काम कारवाही गोप्य रहने: (१) उम्मेदवार छनौट सम्बन्धी सम्पूर्ण काम कारवाही गोप्य रहनेछ ।

(२) उम्मेदवार छनौट गर्दा उम्मेदवारले प्राप्त गरेको अंक शिलबन्दी गरी दर्खास्त मुल्यांकन समितिले कार्यपत्र मुल्यांकन समितिलाई र कार्यपत्र मुल्यांकन समितिले अन्तर्वार्ता समितिलाई दिनु पर्नेछ ।

१०. पुनर्नियुक्ति हुन सक्ने: नियम २३ बमोजिम भएको कामको मुल्यांकनबाट कार्यकारी निर्देशकको काम कारवाही उत्कृष्ठ देखिएमा मात्र ऐनको दफा २१ को उपदफा (२) बमोजिम पुनर्नियुक्ति हुन सक्नेछ ।

तर अन्ठाउन्न वर्ष उमेर नाघ्ने गरी कार्यकारी निर्देशकको पुनर्नियुक्ति हुन सक्ने छैन ।

११. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार: ऐनमा लेखिए देखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डका कर्मचारीको रेखदेख, नियन्त्रण र मूल्यांकन गर्ने,

(ख) प्रत्येक महिना कर्मचारीको मुल्याङ्कन गर्ने तथा राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र नराम्रो काम गर्ने कर्मचारीलाई सजायको लागि समिति समक्ष सिफारिश गर्ने,

(ग) बोर्डको आय व्ययको लेखा दुरुस्त राख्न लगाउने,

(घ) बोर्डको आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण समयमा नै गराउने,

(ङ) बोर्डबाट गरिने काम प्रभावकारी तवरले भए नभएको सम्बन्धमा मुल्याङ्कन गर्ने र सो भएको नदेखिएमा सम्बन्धित कर्मचारीलाई गर्न लगाउने,

(च) सडक सम्बन्धी निकाय मार्फत भएको कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(छ) बोर्डको काम, कर्तव्य र अधिकारसंग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ज) वोर्डको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(झ) समितिबाट निर्देशत तथा प्रत्यायोजित अन्य काम गर्ने, गराउने ।

१२. निमित्त तथा कायम मुकायम: (१) कार्यकारी निर्देशक विदामा बसेको वा काजमा रहेको अवस्थामा बोर्डको माथिल्लो स्तरको कर्मचारीले कार्यकारी निर्देशकको पदमा निमित्त भई काम गर्नेछ ।

(२) कार्यकारी निर्देशक लामो समयसम्मको लागि बिदामा बसेमा वा कार्यकारी निर्देशकको पद कुनै कारणले रिक्त भई पदपूर्ति नभएसम्मको लागि समितिले बोर्डको माथिल्लो स्तरको कुनै कर्मचारीलाई कार्यकारी निर्देशकको पदमा कायम मुकायम मुकरर गर्नेछ ।

## परिच्छेद-४
## बिदा, तलब भत्ता तथा अन्य सुविधा

१३. बिदाको सुविधा र बिदा स्वीकृत गर्ने अधिकारी: (१) कार्यकारी निर्देशकले बोर्डका कर्मचारीले पाए सरह भैपरी आउने तथा पर्व बिदा, घर बिदा, विरामी बिदा, किरिया बिदा र प्रसुति बिदाको सुविधा पाउनेछ ।

(२) कार्यकारी निर्देशकले अध्यक्षलाई मौखिक जानकारी गराई भैपरी आउने र पर्व बिदा आफैले लिन सक्नेछ ।

(३) उपनियम (१) मा लेखिए देखि बाहेक कार्यकारी निर्देशक कुनै बिदामा बस्नु परेमा अध्यक्षबाट बिदा स्वीकृत गराउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम कार्यकारी निर्देशकले लिन पाउने बिदा सम्बन्धी अन्य व्यवस्था बोर्डका कर्मचारीको सरह हुनेछ ।

१४. तलब भत्ता: कार्यकारी निर्देशकले वोर्डको सिफारिशमा श्री ५ को सरकारले तोके बमोजिम मासिक रुपले तलब भत्ता पाउनेछ ।

१५. उपचार खर्च: (१) वोर्डले कार्यकारी निर्देशकको औषधि उपचार गर्दा लागेको खर्चको असी प्रतिशत रकम वीमाबाट व्यहोरिने गरी वीमा गर्दा लाग्ने प्रिमियम भुक्तान गरिदिनेछ ।

(२) उपनियम (१) बमोजिम वीमा नभएकोमा कार्यकारी निर्देशकले निजले खाइपाई आएको आधा महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष उपचार खर्च बापत पाउनेछ ।

१६. कर्मचारी संचय कोषमा रकम जम्मा गरीदिने: कार्यकारी निर्देशकको मासिक तलबबाट दश प्रतिशतको दरले रकम कट्टा गरी सो रकममा बोर्डले शत प्रतिशत रकम थप गरी कर्मचारी संचय कोषमा जम्मा गरिदिनेछ।

१७. उपदान पाउने: कार्यकारी निर्देशकले पदबाट अवकाश पाएमा वा निजले राजीनामा स्वीकृत गराई पदबाट हटेमा फौज्दारी अभियोग लागी पदबाट हटेमा बाहेक निजले काम गरेको प्रत्येक वर्षको लागि निजले खाईपाई आएको आधा महिनाको तलब बराबरको रकम उपदान बापत एकमुष्ट पाउनेछ।

१८. सवारी सुविधा: (१) कार्यकारी निर्देशकले सवारीको निमित्त ड्राइभर सहितको सवारी सुविधा पाउनेछ।

(२) उपनियम (१) बमोजिम कार्यकारी निर्देशकले पाएको मोटरको मर्मत सम्भार बोर्डले गर्नेछ।

१९. दशै खर्च: कार्यकारी निर्देशकले खाइपाई आएको मासिक तलबको पच्चीस प्रतिशत रकम बराबर प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउनेछ।

२०. टेलिफोन सुविधा: कार्यकारी निर्देशकले आफ्नो आवासमा जडान गरेको टेलिफोनको लागि महशुल बापत प्रत्येक महिना एकहजार रुपैयाँ पाउनेछ।

२१. अन्य सुविधा: कार्यकारी निर्देशकले यस नियमावलीमा लेखिए देखि बाहेक बोर्डको कर्मचारीले अन्य सुविधा पाएको भए सो समेत पाउनेछ।

## परिच्छेद-५

## आचरण, कामको मुल्याङ्कन तथा सजाय सम्बन्धी व्यवस्था

२२. आचरण: (१) कार्यकारी निर्देशकले आफ्नो पदीय आचरणमा रही इमान्दारी साथ काम गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम बोर्डका कर्मचारीले पालन गर्नु पर्ने आचरण सम्बन्धी कुराहरु कार्यकारी निर्देशकको हकमा समेत लागू हुनेछ।

२३. कामको मुल्यांकन गर्ने: समितिले प्रत्येक वर्ष कार्यकारी निर्देशकको काम कारवाहीको मुल्यांकन गरी राख्नु पर्नेछ। त्यसरी कामको मुल्यांकन गर्दा कार्यकारी निर्देशकको

कार्यक्षमता, नेतृत्व दिन सक्ने क्षमता, अनुशासन र वोर्डको उद्देश्य अनुरुप काम गर्न सके नसकेको आधारमा गरिनेछ ।

२४. <u>सचेत गराउने:</u> कार्यकारी निर्देशकले बोर्डको हित विपरीत काम गरेमा वा समितिको निर्देशन विपरित काम गरेमा वा निजले आफ्नो पदीय दायित्व निर्वाह गर्न नसकेमा समितिले त्यसको कारण खुलाई सुधार गर्न कार्यकारी निर्देशकलाई मनासिब माफिकको समय दिई मौका दिनु पर्नेछ ।

२५. <u>स्पष्टीकरण माग गर्ने:</u> नियम २४ बमोजिम सचेत गराउँदा पनि कार्यकारी निर्देशकले आफ्नो काममा सुधार नगरेमा निजलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण पेश गर्न मौका दिइनेछ।

२६. <u>नोकरीबाट हटाउने:</u> नियम २५ बमोजिम दिइएको म्यादभित्र कार्यकारी निर्देशकले आफू उपर लागेको आरोपको आधार र कारण खुलाई स्पष्टीकरण पेश गर्नु पर्नेछ । त्यस्तो म्यादभित्र कार्यकारी निर्देशकले स्पष्टीकरण पेश नगरेमा वा त्यसरी पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा समितिले त्यसको कारण खुलाई कार्यकारी निर्देशकको पदबाट हटाउनेछ ।

## अनुसूची

(नियम ८ को उपनियम (४) संग सम्बन्धित)

### शपथ ग्रहणको फाराम

म......................................... इश्वरको नाममा सपथ / निष्ठापूर्वक शपथ लिन्छु कि सडक बोर्डको कार्यकारी निर्देशकको हैसियतले मलाई तोकिएको काम मेरो विवेकले जानेबुझसम्म इमान, धर्म तथा कर्तव्य सम्झी बोर्ड प्रति वफादार रही धर्म, पक्षपात वा द्वेष, लोभ, लालच, मोलाहिजा नगरी अनुशासनमा रही सडक बोर्ड ऐन, २०५८ तथा सो ऐन अन्तर्गत बनेको नियमावली तथा विनियमावलीको अधीनमा रही गर्नेछु । साथै आफ्नो कर्तव्यको पालना गर्दा मलाई ज्ञान हुन आएको कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म आफ्नो पदमा बहाल भएको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

| | |
|---|---|
| शपथ ग्रहण गर्नेको- | शपथ ग्रहण गराउनेको- |
| सही:- | सही:- |
| नाम:- | नाम:- |
| पद:- | पद:- |
| मिति:- | मिति:- |

श्री सचिव
दर्ता नं: ८०६
मिति: ०७६।११।४

# नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७६/७७ ७१/२०४२
च.नं. :-

(छाप: नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं)

मितिः २०७६/१०/२०

श्री सचिव,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ४६/०७६ मिति २०७६/१०/२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको दर्ता नं. ११/२४-०७६।६।९ को प्रस्ताव मं.प.बै.सं. ३६/०७६ मिति २०७६।८।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७६।८।२३ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६" स्वीकृत गर्ने ।"

श्री पूर्वाधार निर्माण तथा यातायात महाशाखा
११।०४

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/०७६
च.नं. : म.स.सं./३२२/३३७४

मितिः २०७६।८।२३

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०७६।८।२३ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु -

"सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६" स्वीकृत गर्ने विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको दर्ता नं. ११/२४-०७६।६।९ को प्रस्ताव मं.प.वै.सं. ३६/०७६ मिति २०७६।८।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६" स्वीकृतिको लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने।"

(डिल्लीराज घिमिरे)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

**सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६**

सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी बोर्डले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९ को नियम ३ मा संशोधन : कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को,

(१) उपनियम (१) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(२) उपनियम (४) मा रहेका "प्रारम्भिक उम्मेदवार छनौट" भन्ने शब्दहरुको सट्टा "दरखास्त मूल्याङ्कन" भन्ने शब्दहरु राखिएका छन्।

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ :-

"४. उम्मेदवारको अयोग्यता: देहायको व्यक्ति कार्यकारी निर्देशकको पदमा नियुक्त हुन योग्य हुने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा नभएको र साठी वर्ष उमेर नाघेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध ओसार पसार तथा बिक्री वितरण, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी

रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिला समेत जनाउँछ।

(ङ) मानसिक सन्तुलन ठीक नभएको,

(च) सार्वजनिक निकायको कुनै लाभको पद धारण गरेको,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. दरखास्त मूल्याङ्कन र परीक्षा सञ्चालन : (१) नियम ३ बमोजिम प्राप्त दरखास्त मूल्याङ्कन गर्न समितिले एक दरखास्त मूल्याङ्कन समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त मूल्याङ्कन समितिले दरखास्त दिने म्याद समाप्त भएको सात दिनभित्र दरखास्तसाथ प्राप्त कागजातको मूल्याङ्कन गरी योग्य उम्मेदवारहरूको सूची समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचीमा समावेश भएका उम्मेदवारको लिखित परीक्षा सञ्चालन गर्न समितिले समितिको सदस्यको संयोजकत्वमा समितिको अन्य दुई जना सदस्य सहित तीन सदस्यीय परीक्षा सञ्चालन समिति गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको परीक्षा सञ्चालन समितिले उपनियम (२) बमोजिमका उम्मेदवारहरुको लिखित परीक्षा सञ्चालन गरी उत्तीर्ण उम्मेदवारको नामावली नियम ६ को उपनियम (१) बमोजिमको कार्यपत्र मूल्याङ्कन समिति समक्ष पठाउनु पर्नेछ।

(५) लिखित परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सो सम्बन्धी कार्यविधि परीक्षा सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ।"

५. मूल नियमावलीको नियम ६ मा मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

"६. कार्यपत्र पेश र प्रस्तुतीकरण : (१) नियम ५ बमोजिम लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारको कार्यपत्र तथा सोको प्रस्तुतिको मूल्याङ्कन गर्न समितिले समितिको सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रका दुई जना विज्ञ सहितको तीन सदस्यीय कार्यपत्र मूल्याङ्कन समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यपत्र मूल्याङ्कन समितिले लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूलाई सडक बोर्डको काम कारवाहीसँग सम्बन्धित विषयमा कार्यपत्र पेश गर्न पन्ध्र दिनको म्याद दिनेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र सम्बन्धित उम्मेदवारले कार्यपत्र मूल्याङ्कन समिति समक्ष आफ्नो कार्यपत्र पेश गर्नु पर्नेछ ।

(४) कार्यपत्र मूल्याङ्कन समितिले कार्यपत्र र कार्यपत्र प्रस्तुतीको मूल्याङ्कन गरी नियम ७ बमोजिमको अन्तरर्वाता समिति समक्ष पेश गर्नेछ।"

६. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम राखिएको छ :-

"७. <u>अन्तरवार्ता समिति</u> : समितिले नियम ६ बमोजिम पेश भएका उम्मेदवारको अन्तरवा लिनको लागि समितिको सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रका दुई जना विज्ञ सहितव तीन सदस्यीय अन्तरवार्ता समिति गठन गर्नेछ।"

७. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> : मूल नियमावलीको नियम ८ को उपनियम (१) को सट्ट देहायको उपनियम (१) राखिएको छ :-

"(१) नियम ७ बमोजिमको अन्तरवार्ता समितिले अन्तरवार्ताका लागि छनौट भएक उम्मेदवारहरूको अन्तरवार्ता लिई देहायका आधारहरुको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि समिति समक्ष सिफारिश गर्नेछ :-

(क) लिखित परीक्षा बापत -६० अङ्क,
(ख) कार्यपत्र लेखन बापत -१५ अङ्क,
(ग) कार्यपत्र प्रस्तुतीकरण बापत -१० अङ्क,
(घ) अन्तरवार्ता बापत -१५ अङ्क।"

८. <u>मूल नियमावलीको नियम १२ मा संशोधन</u> : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२. <u>निमित्त भई काम गर्ने</u> : कार्यकारी निर्देशक बिदामा बसेको वा काजमा रहेको अवस्थामा बोर्डको बरिष्ठ कर्मचारीले कार्यकारी निर्देशकको पदमा निमित्त भई काम गर्नेछ ।"

९. <u>मूल नियमावलीमा नियम १२क. थप</u> : मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"१२क. <u>कामकाज गर्न तोक्न सक्ने</u> : कार्यकारी निर्देशकको पद कुनै कारणले रिक्त भई पूर्ति नभएसम्मको लागि मन्त्रालयले संघीय निजामती सेवाको नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूहको कम्तीमा सहसचिवस्तरको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा समेत कामकाज गर्ने गरी तोक्न सक्नेछ ।

तर यसरी तोकिएको कामकाजको अवधि छ महिना भन्दा बढी हुने छैन ।"

१०. <u>मूल नियमावलीको नियम १३ मा संशोधन</u> : मूल नियमावलीको नियम १३ को उपनियम (१) मा रहेका "किरिया बिदा र प्रसूति बिदा" भन्ने शब्दहरूको सट्टा "किरिया बिदा, प्रसुति बिदा र प्रसूति स्याहार बिदा" भन्ने शब्दहरू राखिएका छन् ।

११. <u>मूल नियमावलीको नियम १४ मा संशोधन</u> : मूल नियमावलीको नियम १४ मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरु राखिएका छन् ।

१२. <u>मूल नियमावलीको नियम १५ मा संशोधन</u> : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :-

"१५. <u>उपचार खर्च</u>: कार्यकारी निर्देशकले निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष उपचार खर्च बापत पाउनेछ ।"

१३. <u>मूल नियमावलीको नियम १७ मा संशोधन</u> : मूल नियमावलीको नियम १७ मा देहायक प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर यो नियम प्रारम्भ भएपछि नियुक्ति हुने कार्यकारी निर्देशकले यस नियम बमोजिमको उपदान पाउने छैन ।"

१४. <u>मूल नियमावलीको नियम १९ मा संशोधन</u> : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छ :-

"१९. <u>चाडपर्व खर्चः</u> कार्यकारी निर्देशकले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।"

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठ
नेपाल ।

पत्र संख्या : ४२/०७८
च.नं. : म.स.सं./३२२/५५६४

मितिः २०७८।२

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०७८।२।१९ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट देहायबमोजि निर्णय भएको व्यहोरा अनुरोध गर्दछु -

"सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको दर्ता नं. ११/७-०७८/२/३ को प्रस्ताव मं.प.बै.सं. १०/०७८ मिति २०७८।२।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७८" स्वीकृतिको लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(धनराज ज्ञवाली)
सचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

## सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (दोस्रो संशोधन) नियमावली ,२०७८

सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९ को नियम २ मा संशोधनः सडक बोर्डको कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) झिकिएको छ।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ:-

"३. दरखास्त आह्वान गर्नेः (१) बोर्डको कार्यकारी निर्देशकको नियुक्तिको लागि ऐनको दफा २१ को उपदफा (१) बमोजिमको योग्यता र अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट उपयुक्त व्यक्ति छनौट गर्नको लागि समितिले पन्ध्र दिनको म्याद दिई कम्तीमा दुई वटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन भएकोमा योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजात संलग्न गरी समितिले तोकेको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ:-

(क) वैयक्तिक विवरण,

(ख) ऐनको दफा २१ को उपदफा (१) बमोजिमको योग्यता पुगेको कागजात,

(ग) कार्य अनुभव सम्बन्धी कागजात,

(घ) ऐन तथा यस नियमावलीको उद्देश्य बमोजिम कार्यकारी निर्देशकको हैसियतमा पुन्याउन सक्ने योगदान, कार्यान्वयन गर्ने रणनीति तथा कार्ययोजना सहितको कार्यपत्र,

(ङ) कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि आफू योग्य र सक्षम भएको पुष्ट्याई गर्ने अन्य आधार,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(च) सरकारी निकायमा कार्यरत कार्मचारीको हकमा सम्बन्धित अख्तियारवालाको पू स्वीकृति।

(३) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको म्यादभित्र कुनै दरखास्त नपरेमा वा तीनवटा भन्दा कम दरखास्त प्राप्त हुन आएमा समितिले थप पन्ध्र दिनको म्याद दिई एक पटकको लागि पुनः सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा तीन वटाभन्दा कम दरखास्त प्राप्त हुन आएमा पनि दरखास्त मूल्याङ्कन गरिनेछ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसूरमा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको,"

(३) खण्ड (च) झिकिएको छ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः-

"५. दरखास्त जाँचबुझ समितिः (१) समितिले नियम ३ बमोजिम दरखास्तसाथ प्राप्त कागजात जाँचबुझ गर्न एक दरखास्त जाँचबुझ समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिले दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र दरखास्त र सोसाथ प्राप्त कागजात जाँचबुझ गरी कार्यकारी निर्देशकको लागि योग्यता पुगेका उम्मेदवारको सूची समिति समक्ष पेश गर्नु पर्नेछ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः-

"६. कार्यपत्र मूल्याङ्कनः समितिले विज्ञ वा विज्ञहरुको समूह गठन गरी नियम ५ बमोजिम पेश भएको सूचीमा नाम समावेश भएका उम्मेदवारले पेश गरेको कार्यपत्र मूल्याङ्कन गराउनेछ।"

७. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. कार्यपत्र प्रस्तुति र अन्तर्वार्ता समितिः (१) नियम ५ को उपनियम (२) बमोजिमको सूचीमा नाम समावेश भएका उम्मेदवारको कार्यपत्र प्रस्तुति मूल्याङ्कन र अन्तर्वार्ता समेतको लागि समितिले

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

समितिको सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रका दुई जना विज्ञ सहितको एक कार्य प्रस्तुति र अन्तर्वार्ता समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले सम्बन्धित उम्मेदवारलाई कार्यपत्र प्रस्तुत ग लगाई निजहरुको अन्तर्वार्ता समेत लिनेछ ।"

८. मूल नियमावलीको नियम ८ मा संशोधन: मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ:-

"८. सिफारिस तथा नियुक्ति: (१) नियम ७ बमोजिमको समितिले देहायका आधारहरुको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्नु पर्नेछ:-

(क) शैक्षिक योग्यता वापत — दश अङ्क,
(१) न्यूनतम शैक्षिक योग्यता वापत पाँच अङ्क
(२) माथिल्लो शैक्षिक योग्यता वापत पाँच अङ्क

(ख) अनुभव वापत — दश अङ्क,
(१) न्यूनतम अनुभव अवधि वापत पाँच अङ्क
(२) सोभन्दा माथिको प्रत्येक बर्षको लागि एक अङ्कको दरले पाँच अङ्क

(ग) कार्यपत्र लेखन वापत — तीस अङ्क,

(घ) कार्यपत्र प्रस्तुतीकरण वापत — बीस अङ्क,

(ङ) अन्तर्वार्ता वापत — तीस अङ्क।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्दा एक जना वैकल्पिक उम्मेदवारको नाम समेत सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सिफारिस भएको व्यक्तिलाई तीस दिनभित्र समितिले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(४) उपनियम (१) बमोजिम सिफारिस भएको व्यक्ति उपनियम (३) बमोजिमको म्यादभित्र नियुक्ति लिन नआएमा समितिले उपनियम (२) बमोजिमको वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस भएको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न सक्नेछ।

(५) यस नियम बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

(६) उपनियम (१) बमोजिम सिफारिस भएको व्यक्ति कुनै सरकारी निकायको सेवामा कार्यरत रहेको भएमा निजले सो सेवाबाट अवकाश प्राप्त गरेको प्रमाण पेश गरेपछि मात्र निजलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति दिइनेछ र निजले नियुक्ति लिइ सकेपछि निज कुनै सरकारी निकायमा कार्यरत रहेको व्यहोरा खुल्न आएमा समितिले जुनसुकै बखत निजको नियुक्ति रद्द गर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

९. <u>मूल नियमावलीमा नियम ८क. थप:</u> मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छ:-

"८क. <u>पद रिक्त हुने</u>: देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ:-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) ऐनको दफा २१ को उपदफा (२) बमोजिम निजको पदावधि पूरा भएमा,

(ग) निज नियम ४ बमोजिम कार्यकारी निर्देशकको लागि अयोग्य भएमा,

(घ) निजलाई ऐनको दफा २१ को उपदफा (३) बमोजिम कार्यकारी निर्देशकको पदबाट हटाइएमा,

(ङ) निजको उमेर साठी वर्ष पूरा भएमा

(च) निजको मृत्यु भएमा।"

१०. <u>मूल नियमावलीको नियम ९ मा संशोधन:</u> मूल नियमावलीको नियम ९ को उपनियम (२) झिकिएको छ।

११. <u>मूल नियमावलीको नियम १० मा संशोधन:</u> मूल नियमावलीको नियम १० को प्रतिबन्धात्मक वाक्यांशमा रहेका ""अन्ठाउन्न वर्ष" भन्ने शब्दहरुको सट्टा "साठी वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

१२. <u>मूल नियमावलीको नियम १२क.मा संशोधन:</u> मूल नियमावलीको नियम १२क. मा रहेका "संघीय निजामती सेवाको नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूहको कम्तीमा सहसचिवस्तरको कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी वा बोर्डको वरिष्ठतम कर्मचारीलाई" भन्ने शब्दहरु राखिएका छन्।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं